बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर

प.सं. २०८२/०८३
च.नं. ११९

कोशी प्रदेश, नेपाल

मितिः२०८२/०५/४

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने ३५ दिने सूचना ।**

उपरोक्त सम्बन्धमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीहरुलाई जग्गा व्यवस्थपन गर्ने प्रयोजनको लागि भूमि समबन्धी समस्या समाधान आयोगको मिति २०८२/०४/३० गतेको प्रकाशित सूचना बमोजिम सूचना प्रकाशन भएको मितिले ३५ दिन (२०८२/०६/०२सम्म) भित्र अघिल्लो समयमा वा पहिला निवेदन दिन बाँकी विभिन्न कारणले छुटेका यस बेलका नगरपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुले भूमि समबन्धी समस्या समाधान आयोगले तोकेको ढाँचामा देहाय अनुसारको आवश्यक कागजातहरु संलग्न गरी सम्बन्धित वडा कार्याहरु तथा नगरपालिकाको भूमि शाखामा सम्पर्क गरी निवेदन दिनहुन सरोकारवाला सवैमा जानकारीको लागि अनुरोध छ।

**आवश्यक कागजातहरुः**

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासीहरुको हकमाः**

१.परिवारमूलि र परिवारमूलिको पति/पत्निको पासपोर्ट साइजको फोटो २ प्रति

२.परिवारमूलि र नागरिक्ता प्राप्त गरेका परिवार सदस्यहरुको नेपाली नागरिक्ताको प्रतिलिपि नहुनेको जन्मदर्ता

३. मतदाता परिचयपत्रको प्रतिलिपि

४.जग्गा उपभोगको स्थानीय तहले दिएको सिफारिस

५.जग्गा नापी भएको खण्डमा चारकिल्ला संधियारहरुको नामसहित निस्सा दर्ता नम्बर र अन्य कुनै प्रमाण भए सो को विवरण।

**अव्यवस्थित बसोबासीको हकमाः**

१.परिवारमूलि र परिवारमूलिको पति/पत्निको पासपोर्ट साइजको फोटो २ प्रति

२.परिवारमूलि र नागरिक्ता प्राप्त गरेका परिवार सदस्यहरुको नेपाली नागरिक्ताको प्रतिलिपि नहुनेको जन्मदर्ता

३. मतदाता परिचयपत्रको प्रतिलिपि

४.जग्गा उपभोगको स्थानीय तहले दिएको सिफारिस

५. आफ्नो र परिवार सदस्यको नाममा अन्यत्र रहेको जग्गाको पूर्जाको प्रतिलिपि

६.जग्गा नापी भएको खण्डमा चारकिल्ला संधियारहरुको नामसहित निस्सा दर्ता नम्बर र अन्य कुनै प्रमाण भए सो को विवरण।

**नोटः** भूमिहीन दलित, भूमिहीन सुकुम्बासीले झुटो विवरण दिएमा ऐनको दफा ५२(घ) अनुसार रु. २५००००/- सजाए हुने व्यवस्था रहेको छ साथै मिति २०७६ माघ २८ गते भन्दा अगाडि नै कानुन बमोजिम अंशवण्डा, मानोचामल छुट्टिइई घर भान्सा छुट्टाछुट्टै प्रयोग गरि आएको परिवारलाई मात्र परिचवार मान्न सकिनेछ।

थप जानकारीको लागि- प्र.प्र.प्र. ९८५२८३५४७९, शाखा प्रमुख ९८४२३३४३४०, सर्भेक्षक ९८५१२३८८८५

मनिषा राई
भूमि व्यवस्थापन प्रमुख
मनिषा राई
भूमि स्थानीय सेता केन्द्र प्रमुख

रविकिरण आचार्य
प्रमुख प्रशासकीय अधिकृत
रवि किरण आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार

भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

CamScanner